# हरित अर्थतन्त्रमा जोड

**राजधानी समाचारदाता काठमाडौं ११ असार**

दक्षिण एशियाली मुलुकको गरिवी घटाउन हरित अर्थतन्त्र बढी प्रंभावकारी हुने बिज्ञहरूले बताएका छन् । साउथ एशिया वाच अन ट्रड एण्ड इकोनोमिक्स (सावती) र आइडीआरसी ओटोवाको आयोजनामा ललितपुरमा भएको दुइदिने हरित अर्थतन्त्रको सम्भावना र आवश्यकता बिषयक अन्तरकृया कार्यक्रममा सार्क स्तरिय बिज्ञहरूले त्यस्तो धारणा ब्यक्त गरेका हुन । कार्यक्रममा बन जंगल र वातावरणको संरक्षणबाट अर्थतन्त्रमा महत्वपूर्ण सहयोग पुग्न सक्ने हुनाले सार्क मुलुकहरूले हरित अर्थतन्त्रको लागि नीतिगत ब्यबस्थामा जोड दिनु पर्ने योजना आयोगका सचिव युवराज भुसालले बताए ।

ऊर्जा र खाद्य संकटको समस्या भोगिरहेको दक्षिण एशियाली मुलुकहरूमा हरित अर्थतन्त्रबाट ऊर्जा र कृषि उत्पादनमा बृद्धि गर्न सक्ने अवस्था रहेको पनि अर्थशास्त्रीहरूले बताएका थिए । ऊर्जा बिज्ञ अजय दिक्षितले ऊर्जाको विकासमा हरित अर्थतन्त्रलाई उपयोगी हुने भएकोले सरकारले त्यसको लागि प्रभावकारी नीति बनाउन जोड दिए । प्रा डा मनोहर श्रेष्ठले आर्थिक विकासमा प्रबिधि हस्तान्तरणलाई सार्क मुलुकहरूले जोड दिनु पर्ने बताए ।

सावतीका प्रमुख कार्यकारी निर्देशक डा रत्नाकर अधिकारीले सार्क मुलुकहरूले हरित अर्थतन्त्रको विकासबाट आर्थिक समृद्धि र गरिवी निवारणमा जोड पुग्ने बताए । हेलभिटासका डा भरत पोखरेलले बिकसित मुलुकहरूले आफनो नीतिलाई लाद्ने भन्दा पनि प्रविधि हस्तान्तरणमा जोड दिन नसकेको बताए । सो कार्यक्रममा सार्क गरिवी घटाउन साझा रणनीति बनाउनु पर्नेमा जोड दिए ।